# महाकाली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा दार्चुला**
**७ नं. प्रदेश, नेपाल**

फोन न ०९३-४२०१३७
फ्याक्स नं.०९३-४२०१३७
web:-mahakalimundarchula.gov.np
Email:mmdarchula@gmail.com

प.स.२०७४/०७५
च.न .

## निर्माण कार्य सम्वन्धी बोलपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति २०७५।०१।३१*

यस कार्यालयले आर्थिक वर्ष **२०७४।०७५** मा तपसिल बमोजिमको निर्माण कार्य गराउनु परेकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी ) आ.व.**२०७४।०७५** को लागि नविकरण गरिएको कम्पनी वा फर्म इजाजत दर्ता प्रमाण पत्र, मूल्य अभिवृधी कर दर्ता प्रमाण पत्र ,स्थायी लेखा प्रमाण पत्र र आ.व. **२०७३।०७४** सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | खरिद विधि | लागत अनुमान रु.( मू.अ.कर र कन्टिन्जेन्सीबाहेक) | बोलपत्र /दरभाउ पत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | 01/MM/Darchula NCB/RM/074/75 | Maintenance of PCC Road of ward no.4 and 5 | **बोलपत्र** | ३९,४७,३४७.७२ | ३००० | ११८००० |

सर्तहरु

१. बोलपत्र सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म दर्ता र २:०० वजे खोल्ने कार्य हुनेछ । तोकिएको मिति र समयमा प्राप्त बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा महाकाली नगरपालीका, नगर कार्यपालिकाको कार्यालय दार्चुलामा खोली मुचुल्का तयार गरिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

२. बोलपत्रको लागि माथि उल्लेख गरे बमोजिमको धरौटी रकम यस कार्यालयको रा.वा.वैंक दार्चुला शाखामा रहेको धरौटी हि.नं.४०९०३०३००७१०२ मा दाखिला गरेको सक्कल भौचर वा बोलपत्र खरिद गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन मान्य आवधि भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

३.बोलपत्र खरिद गर्ने,दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछि लगत्तै कार्यालय खुलेको दिन माथि उल्लेख गरिएकै समय भित्र उक्त कार्य गरिनेछ ।

४. बोलपत्र फाराममा मूल्य अभिवृधी कर बाहेकको रकम अंक र अक्षरमा स्पष्ट संग लेखि सिलबन्दि गरी बाहिर खाममा आफुले गर्ने कामको नाम लेखि यस कार्यालयमा बुझाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५.सिलबन्दी बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ । टिपेक्स लगाएको अंक र अक्षर मान्य हुनेछैन

६. रित नपुगेको वा म्याद नाघी पर्न आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । शर्त सहितको बोलपत्र मान्य हुने छैन ।

७.बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८.खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवशाय सम्बन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

९ एक फर्मको नाममा खरिद गरेको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१०.यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

११.यो सूचना यस कार्यालयको वेभ साइट www.mahakalimundarchula.gov.np मा पनि हेर्न सकिनेछ ।